एफ सङ्ख्या - एफसी-११/६१/२०२१-एफसी

भारत सरकार

पर्यावरण, वन एवं जलवायु परिवर्तन मन्त्रालय

(वन संरक्षण प्रभाग)

इन्दिरा पर्यावरण भवन,

अलिगन्ज, जोरबाग मार्ग

नयाँ दिल्ली-११०००३

मिति- ०८ अक्टोबर, २०२१

सेवामा

१. अतिरिक्त मुख्य सचिव (वन)/ प्रधान सचिव (वन), सबै राज्य/ केन्द्र शासित क्षेत्र

२. प्रधान मुख्य वन संरक्षक, सबै राज्य/ केन्द्र शासित क्षेत्र

३. क्षेत्रीय अधिकारी, सबै एकीकृत क्षेत्रीय कार्यालय, पर्यावरण, वन एवम् जलवायु परिवर्तन मन्त्रालय

४. सबै सम्बन्धित पक्ष

**विषय - वन (संरक्षण) अधिनियम, १९८० को प्रस्तावित संशोधनबारे टिप्पणी/ सुझाउ माग्ने समयावधि बढाइएको सन्दर्भमा।**

महोदय/ महोदया,

मिति ०२.१०.२०२१–का दिन मन्त्रालयद्वारा वन (संरक्षण) अधिनियम), १९८० को प्रस्तावित संशोधनबारे १५ दिनभित्र टिप्पणी/सुझाउ बुझाउनु पर्ने विषयमा जारी गरिएको समसङ्ख्यक पत्र (यस पत्रलाई मन्त्रालयको वेबसाइट www.parivesh.nic.in/www.moef.nic.in मा राखिएको छ)-को सन्दर्भ उल्लेख गर्ने निर्देश मलाई प्राप्त भएको छ।

यस सम्बन्धमा विविध क्षेत्रबाट प्राप्त सुझाउका आधारमा टिप्पणी प्राप्त गर्ने समयावधि थप १५ दिनका लागि (अर्थात् ०१.११.२०२१ सम्म) बढाउने निर्णय गरिएको छ भन्ने सूचित गरिन्छ।

यस कारण सबै सम्बन्धित पक्षलाई मन्त्रालयको वेबसाइट (www.parivesh.nic.in/www.moef.nic.in)-मा राखिएको परामर्श पत्रबारे आआफ्ना टिप्पणी/सुझाउ ०१.११.२०२१ का दिन अथवा त्यसभन्दा पहिला इमेलमार्फत fca-amendment@gov.in मा पठाउने अनुरोध गरिन्छ। मिति ०२.१०.२०२१ को समसङ्ख्यक पत्रलाई उपर्युक्त समय सीमासम्मका लागि संशोधित गरिन्छ।

यो सूचना मन्त्रालयका सक्षम प्राधिकारीको अनुमोदनपूर्वक जारी गरिएको हो।

भवदीय

**(सन्दीप शर्मा)**

सहायक वन महानिरीक्षक

**प्रतिलिपि**

१. निर्देशक (प्राविधिक), एनआइसीलाई यो पत्र मन्त्रालयको वेबसाइटमा अपलोड गरदिनू भन्ने अनुरोधसहित।

एफ सङ्ख्या - एफसी-११/६१/२०२१-एफसी

भारत सरकार

पर्यावरण, वन एवम् जलवायु परिवर्तन मन्त्रालय

(वन संरक्षण प्रभाग)

इन्दिरा पर्यावरण भवन

अलिगन्ज, जोरबाग मार्ग

नयाँ दिल्ली- ११०००३

मिति- ०४ अक्टोबर, २०२१

## शुद्धि पत्र

**विषय - वन (संरक्षण) अधिनियम, १९८० को प्रस्तावित संशोधन सन्दर्भमा टिप्पणी/ सुझाउबारे।**

महोदय/महोदया

मिति ०२.१०.२०२१ मा मन्त्रालयद्वारा जारी गरिएको उपर्युक्त विषयको समसङ्ख्यक पत्रमा उल्लिखित इमेल आइडी fca.amendment@gov.in लाई fca-amendment@gov.in का रूपमा पढियोस् भन्ने कुराको जानकारी गराउन मलाई निर्देश भएको छ।

भवदीय

**(सन्दीप शर्मा)**

सहायक वन महानिरीक्षक

**प्रति**

१. अतिरिक्त मुख्य सचिव (वन)/ प्रधान सचिव (वन), सबै राज्य/ केन्द्र शासित क्षेत्र

२. प्रधान मुख्य वन संरक्षक, सबै राज्य/ केन्द्र शासित क्षेत्र

३. क्षेत्रीय अधिकारी, सबै एकीकृत क्षेत्रीय कार्यालय, पर्यावरण, वन एवम् जलवायु परिवर्तन मन्त्रालय

४. सबै सम्बन्धित पक्ष

**प्रतिलिपि**

१. निदेशक (प्राविधिक), एनआइसीलाई मन्त्रालयको वेबसाइटमा शुद्धिपत्र अपलोड गरिदिनू भन्ने अनुरोधसहित

एफ सङ्ख्या – एफ सी -११/६१/२०२१-एफ सी

भारत सरकार

पर्यावरण, वन एवम् जलवायु परिवर्तन मन्त्रालय

(वन संरक्षण प्रभाग)

इन्दिरा पर्यावरण भवन

अलिगन्ज, जोरबाग मार्ग

नयाँ दिल्ली-११०००३

मिति -०२ अक्टोबर, २०२१

सेवामा

१. अतिरिक्त मुख्य सचिव/प्रधान सचिव (वन), सबै राज्य/ केन्द्र शासित क्षेत्र

२. प्रधान मुख्य वन संरक्षक, सबै राज्य/केन्द्र शासित क्षेत्र

३. क्षेत्रीय अधिकारी, सबै एकीकृत क्षेत्रीय कार्यालय, पर्यावरण, वन एवम् जलवायु परिवर्तन मन्त्रालय

४. सबै सम्बन्धित पक्ष

**विषय – वन (संरक्षण) अधिनियम, १९८० मा प्रस्तावित संशोधनका लागि टिप्पणी/ सुझाउबारे।**

महोदय/महोदया

वन अधिनियम (संरक्षण), १९८० का प्रावधानहरूलाई सरल बनाउने उद्देश्यले केन्द्र सरकारले यसमा केही संशोधन गर्ने प्रस्ताव राखेको छ भन्ने कुरो यहाँहरूलाई जनाउने निर्देश भएको छ। चालीस वर्षको समयावधिमा देशको पर्यावरणीय, सामाजिक अनि वातावरणीय व्यवस्थामा ठुलै परिवर्तन आएको छ। यस समयावधिमा यस अधिनियमका प्रावधानहरूलाई देशका पर्यावरणीय एवम् आर्थिक आवश्यकताहरूमा आएका गतिशील परिवर्तन अनुरूप बनाउने दिशानिर्देश तथा नियमका रूपमा यथोचित विधान बनाउने प्रयास भएका छन्। यद्यपि प्रभावी रूपमा वर्तमान परस्थितिअनुरूप बन्न, खास गरी संरक्षण एवम् विकासको द्रूत एकीकरणका लागि यस अधिनियमलाई अझ संशोधित गर्नुपर्ने आवश्यकता आइपरेको छ। वन अधिनियम (संरक्षण), १९८० को प्रस्तावित संशोधन सम्बन्धी परामर्श पत्र यससँग सङ्लग्न रहेको छ तथा यसको प्रतिलिपि मन्त्रालयको वेबसाइटमा अपलोड गरिएको छ। www.parivesh.nic.in मा यसलाई हेर्न सकिनेछ। माथि उल्लिखित कुरालाई ध्यान राख्दै राज्य सरकारहरू, केन्द्र शासित क्षेत्र, प्रशासन एवम् सबै सम्बन्धितलाई यो चिट्ठी जारी भएको पन्ध्र दिनभित्र वन अधिनियम (संरक्षण), १९८० को प्रस्तावित संशोधनबारे यहाँहरूको टिप्पणी एवम् सुझाउ मलाई

साझा गर्न अनुरोध गर्नु भन्ने निर्देश प्राप्त भएको छ। यहाँहरूले आफ्ना टिप्पणी fca.amendment@gov.in मा बुझाउन सक्नु हुनेछ। यो सूचना मन्त्रालयका सक्षम प्राधिकारीको अनुमोदनपूर्वक जारी गरिएको हो।

भवदीय

**(सन्दीप शर्मा)**

सहायक वन महानिरीक्षक

प्रतिलिपि:

१. निर्देशक(प्राविधिक), एनआइसीलाई यो पत्र मन्त्रालयको वेबसाइटमा अपलोड गरिदिनू भन्ने अनुरोधसहित।

# वन संरक्षण अधिनियम, १९८० को प्रस्तावित संशोधनसम्बन्धी परामर्श पत्र

**पर्यावरण, वन एवं जलवायु परिवर्तन मन्त्रालय**

**भारत सरकार**

**इन्दिरा पर्यावरण भवन**

**जोरबाग मार्ग, नयाँ दिल्ली**

**अक्टोबर, २०२१**

## क. पृष्ठभूमि

१. वन (संरक्षण) अधिनियम २५ अक्टोबर १९८० देखि लागु गरिएको हो। (यस उपरान्त यसलाई अधिनियम भनिनेछ।) अधिनियमको प्रस्तावनाअनुसार यस अधिनियमको उपयोग वनहरूको संरक्षण एवम् यससँग सङ्लग्न अन्य आनुषाङ्गिक विषयका लागि हुनेछ। संसदसामु यो विधेयक पेस गर्दा (विधेयक सङ्ख्या -१९८० को २०१) अनुसार यसका उद्देश्य र कारणहरूलाई यस प्रकार प्रस्तुत गरिएको थियो -

*उद्देश्य एवम् कारणहरुको विवरण*

*१. वन विनाशले वातावरणीय असन्तुलन निम्त्याउँदछ जसको परिणामस्वरूप पर्यावरणको स्थिति बिग्रने गर्छ। देशमा व्यापक रूपमा वन विनाश भइरहेको हुनाले यो ठुलो चिन्ताको कारण बनेको छ।*

*२ बढ्दो वन विनाशलाई रोक्ने उद्देश्यले राष्ट्रपतिद्वारा मिति.२५ अक्टोबर, १९८० का दिन वन (संरक्षण) अध्यादेश जारी गरिएको थियो। यस अध्यादेशद्वारा संरक्षित वनहरूलाई संरक्षित श्रेणीबाट हटाउनका लागि एवम् वन अतिरिक्त अन्य उद्देश्यहरूलाई पुरा गर्न वनभूमिको उपयोगका लागि केन्द्र सरकारको पूर्व अनुमोदनलाई अनिवार्य बनाइएको थियो। यस खाले अनुमोदन प्रदान गर्ने विषयमा केन्द्र सरकारलाई सुझाउ दिनाका निम्ति एउटा सल्लाहकार समिति गठन गर्ने प्रावधान पनि यस अध्यादेशले जारी गरेको थियो।*

३. *यस विधेयकको उद्देश्य माथि उल्लेख गरिएको अध्यादेशलाई प्रतिस्थापित गर्नु हो।*

२. सन् १९८८ मा यस अध्यादेशको संशोधन गरिएको थियो। १९८८ मा गरिएको संशोधनपछि आजका मितिमा यस अधिनियमलाई सङ्लग्नकका रूपमा राखिएको छ।

३. राज्य सरकार, केन्द्र शासित क्षेत्र एवम् केन्द्र सरकारद्वारा १२.१२.१९९६ सम्म यस अधिनियमका प्रावधानहरूको उपयोग केवल भारतीय वन अधिनियम, १९२७ अथवा कुनै पनि स्थानीय कानुनद्वारा सूचित वनलगायत वन विभागको प्रबन्धन नियन्त्रणमा रहेका वनहरूको सम्बन्धमा गरिने सामान्य चलन थियो। टी एन गोदावर्मन थिरुमलपाद विरुद्ध भारत सङ्घ र अन्यका सन्दर्भको रिट आवेदन स (सिभिल)ङ्ख्या २०२/१९९५ का सम्बन्धमा मिति १२.१२.१९९६ का दिन पारित आफ्नो निर्णयमा माननीय सर्वोच्च अदालतद्वारा अधिनियमको प्रायोगिक क्षेत्र स्पष्ट गरे पछि अधिनियमका प्रावधानहरू निम्नलिखित क्षेत्रमा लागु भएका थिए –

अ. जस्तोसुकै प्रकारको स्वामित्व, स्वीकृति एवम् वर्गीकरण भए पनि कुनै पनि सरकारी अभिलेखमा वनका रूपमा अभिलिखित सबै क्षेत्रहरू। यसमा जुनसुकै ऐनद्वारा वन भनेर सूचित क्षेत्रहरू अन्तर्भुक्त भएका छन्;

आ. माथि उल्लेख गरिएको उपअनुच्छेद (अ)-मा अन्तर्भुक्त क्षेत्रबाहेक अन्य सबै क्षेत्र अनि वनको कोशगत अर्थअनुरूपका सबै क्षेत्रहरू;

इ. माननीय सर्वोच्च न्यायालयद्वारा १२.१२. १९९६ का दिन दिइएको आदेशबमोजिम गठन गरिएको विशेषज्ञ समितिद्वारा वन भनेर सूचित गरिएका अनि तदनुसार सन १९९७ मा सर्वोच्च न्यायालयमा दर्ता गरिएको वकपत्रमा उल्लेख भएका सबै क्षेत्रहरू;

राज्य सरकारले पनि प्रत्येक राज्यमा विशेषज्ञ समितिद्वारा वन भनेर ठम्याएका अन्य सबै क्षेत्रहरूमा अनि वन शब्दको कोशगत अर्थमा पर्ने खाले सबै भूमिमाथि अधिनियमका प्रावधानहरू लागु गर्न थालेका थिए। वनेतर भूमिमा वृक्षारोपणका लागि यो अधिनियम लागु हुन्छ भन्ने उद्देश्यले पनि माथि उल्लेख गरिएको अदालतको आदेशको व्याख्या गरिएको थियो।

४. यस अधिनियमका प्रावधानअनुसार राज्य सरकार अथवा केन्द्र शासित क्षेत्रका प्रशासनले कुनै पनि वनभूमिको परिवर्तन, अनारक्षण अथवा पट्टा आवन्टन गर्न अघि केन्द्र सरकारको पूर्व अनुमोदन प्राप्त गर्न अनिवार्य छ।

## ख. परामर्शका विषयहरू

१. अहिलेका सन्दर्भमा सरकारी वनभूमि (चाहे अधिसूचित होस् वा अनधिसूचित) अनि त्यस्ता क्षेत्र जुन सरकारी अभिलेखमा लेखाङ्कित छन् ती जम्मै यस अधिनियमको सीमाभित्र पर्नेछ। त्यसबाहेक स्थानीय परिभाषित मानदण्डका आधारमा वन मानिएका त्यस्ता जमिन जसमा वनस्पतिहरू छन् तिनका स्वामित्व तथा वर्गीकरण जेजस्तै होस् ती पनि यस अधिनियमको प्रावधानभित्र पर्नेछ। त्यस्ता जमिनहरूको पहिचान केही सीमासम्म व्यक्तिनिष्ठ अनि यादृच्छिक ढङ्गमा गरिनेछ। यसले संदिग्धता निम्त्याउँदछ अनि विशेष गरी निजी रूपमा व्यक्ति तथा सङ्गठनहरूले यसबारे गुनासो र प्रतिरोध गरेका छन्। कुनै पनि निजी क्षेत्रलाई वन मान्दा आफ्नो जमिनमा गैर वन्य कार्यकलाप गर्ने व्यक्तिको अधिकार प्रतिबन्धित हुन्छ। धेरजसो सन्दर्भमा जमिन प्रयोगको प्रस्तावित परिवर्तनलाई सरकारले अधिनियमको प्रावधान समेत मान्दैन। यदि त्यो स्वीकार गरियो भने पनि जमिन मालिकले आफ्नै जमिनलाई गैर वन्य प्रयोजनका लागि प्रयोग गर्न समतुल्य गैर वनभूमि तथा क्षतिपूर्तिका अन्य कर तिर्नुपर्ने

हुन्छ। जसका कारण वृक्षारोपण सम्भव भएका निजी जमिनलाई पनि वनस्पतिरहित राख्ने प्रवृत्तिको विकास विकास भएको छ। यस कुरालाई ध्यानमा राखेर यस अधिनियमको प्रयोग क्षेत्रलाई वस्तुनिष्ठ ढङ्गमा परिभाषित गर्न अति आवश्यक अनुभव गरिएको छ।

२. यस अधिनियमको प्रयोगद्वारा प्रभावित हुने रेलमार्ग, राजमार्गजस्ता मार्ग निर्माणको अधिकारबारे भारतीय रेलमार्ग मन्त्रालय, सडकमार्ग, परिवहन तथा राजमार्ग मन्त्रालय आदिमा चरम गुनासो रहेको छ। यी सङ्गठनहरूले विशेषतः रेलमार्ग अनि सडकमार्ग बनाउने उक्त अधिकार सन् १९८० भन्दा अघि नै औपचारिक रूपमा प्राप्त गरेको हो भन्ने दाबी गरिन्छ। उक्त सङ्गठनहरूले मार्ग निर्माणका लागि जमिनका केही भाग सन् १९८० अघि नै अधिग्रहण गरेका थिए भने रहल अधिगृहित भागहरू भविष्यमा मार्ग निर्माण तथा विस्तार गर्ने उद्देश्यले त्यसै छाडिएका थिए। रहल अधिगृहित जमिनमा रुख अनि वनहरू त्यसै छाडिएका थिए (सन् १९८० भन्दा अघि) तथा बाँझा क्षेत्रमा सरकारका विभिन्न योजनाअनुसार वृक्षारोपण गरिएको थियो। त्यस्ता अधिगृहित जमिनमा रोपिएका बिरुवाहरूको सुरक्षा सुनिश्चित गर्न कतिपय ठाउँमा त्यस्ता जमिनलाई संरक्षित वनका रूपमा अधिसूचित गरिएको थियो। यो अधिनियम लागु भए पछि तथा सम्माननीय उच्चतम न्यायलयद्वारा यसको प्रयोग क्षेत्रबारे जारी गरिएको स्पष्टीकरणपछि त्यस्ता जम्मै जमिनलाई गैर वन्य कार्यकलापका लागि प्रयोग गर्न सरकारबाट पूर्व अनुमोदन प्राप्त गर्नुपर्छ। ती जमिन सुरुमा गैर वन्य प्रयोजनका निम्ति नै अधिग्रहण गरिएको भए तापनि अहिले आएर ती जमिनका भूमिधारक निकाय (रेल, एनएचएआई, पिडब्ल्युडी आदि)–ले अधिनियमअनुसार अनुमोदन मात्र प्राप्त नगरेर नेट वर्तमान मूल्य (NPV), प्रतिपूरक  वनीकरण (Compensatory Afforestration) जस्ता क्षतिपूर्ति कर पनि तिर्न आवश्यक छ। अहिले उक्त मन्त्रालयहरू २५.१०.१९८० भन्दा अघि अधिग्रहण गरिएका उक्त जमिनलाई यस अधिनियमको परिधिबाट मुक्त गर्न चाहन्छ।

३(i). एउटा तथ्य के पनि छ भने एउटा उष्णकटिबन्ध (tropical) देश भएका कारण भारतका जमिनमा स्वतः स्फूर्त रूपमा जङ्गली वनस्पतिहरू उब्जिन्छ जसलाई यदि त्यतिकै बढ्न दिइयो भने कालान्तरमा ती वनस्पति जङ्गलकै रूपमा देखापर्छन्। त्यस्ता अनियन्त्रित जमिनलाई शब्दकोशले ‘मानित वन (Deemed Forest)’को संज्ञा दिएको छ। त्यस्ता जमिनहरूले पनि यस अधिनियमको प्रावधानलाई आकर्षित गरिरहने देखिन्छ। यसैले साधरणतः मान्छेहरू आफ्ना जमिनमा रुखजस्ता वनस्पति उब्जाउन चाहँदैनन्।

(ii) राष्ट्रिय वन योजना, १९८८ -ले देशका एक तिहाई क्षेत्रलाई वन अनि रुखद्वारा ढाक्ने लक्ष्य राखेको थियो तर जुन गतिमा देशमा वृक्षारोपण भइरहेको छ त्यो सन्तोषप्रद छैन। अहिले देशमा वन तथा रुखद्वारा ढाकिएको भौगोलिक क्षेत्र लगभग २४.५६% छ अनि त्यसलाई बढाउन नसक्ने व्यावहारिक सीमाहरू पनि छन्। यसै कारण जतिसक्दो धेरै गैर वनभूमिहरू (निजी स्वामित्व भएका जमिन समेत)-लाई पारिस्थितिकीय, अर्थतन्त्रीय अनि पर्यावरणीय लाभका लागि रुखद्वारा ढाक्न आवश्यक छ।

(iii) राष्ट्रिय निर्धारित योगदान (National Determined Contribution) –को लक्ष्य अनुसार सन् २०३० सम्म देशमा २.५ -३.० बिलियन टन कार्बन डाइअक्साइडको कार्बन सिन्क बनाउने अनि विदेशबाट आयात गरिने लगभग ४५ हजार करोड रुपियाँको काठ तथा काठनिर्मित सामानहरूको आयात घटाउन पनि सरकारी वनबाहेक अन्य सम्भावित जमिनहरूमा वृक्षारोपण अनि वनीकरण गर्न आवश्यक भएको छ। उक्त कुरो सुनिश्चित गर्न निजी तथा गैर वनभूमिमा रुख रोपियो भने यस अधिनियमको प्रावधान आकर्षित हुन्छ भन्ने आशङ्का मान्छेहरूबाट हटाउन जरुरी छ।

४. भारतमा वनका विभिन्न भूमि अभिलेख छन्। कतिपय राजस्व अनि वन अभिलेखहरूमा एउटै भूमिका विपरीत प्रविष्टिहरू पाइन्छन्। यसबाट गलत व्याख्या अनि विवाद उब्जिने सम्भावना देखिन्छ। यसैले त्यसबारे तथा तिनमा अधिनियमको प्रयोज्यताबारे स्पष्टताको आवश्यकता छ। राजस्व अभिलेखहरूमा जमिनको मालिक अनि वन तथा भूमिको प्रकृति कस्तो हो भन्ने कुरो वैधानिक रूपले दर्शाउनु पर्छ। वन्य कार्यकलापलाई प्रोत्साहित गर्न गैर वनभूमिमा १२.१२. १९९६ पछि गरिएका वृक्षारोपण, वनीकरण आदिबारे लेखाङ्कित राजस्व अभिलेखलाई यस अधिनियमको परिधिबाट बाहिर राख्नुपर्छ (कृषि वानिकी अनि अन्य वृक्षारोपण व्यवस्थासहित) भन्ने कुरो दृढतापूर्वक अनुभव गरिएको छ।

५. धेरैवटा सडक अनि रेलमार्गका किनारमा पट्टीयुक्त वृक्षारोपण गरिएको छ अनि तिनलाई वन भनेर अधिसूचित गरिएको छ। सबै जमिनका धेरजसो क्षेत्रमा सडक/रेल किनारमा हुनुपर्ने सुविधा/बस्तीहरू विकसित गरिएका छन्। यी सुविधाहरू (निजी अनि सरकारी दुवै) सडक/रेलमार्गसम्म पुग्नुपर्छ अनि सडक/रेलमार्गसँगै ती अधिसूचित वन क्षेत्रसम्म पनि पुग्नुपर्छ। वनभूमिमा गरिएको गैर वन्य गतिविधि भएका कारण यसका लागि केन्द्र सरकारको पूर्व अनुमोदन आवश्यक छ। यस कार्यका लागि लगभग ०.०५ हेक्टेयर वनभूमिको आवश्यकता छ। त्यहाँका निवासी

तथा व्यवसायीहरूको समस्या कम गर्न यस्ता प्रत्येक कार्यका लागि ०.०५ हेक्टेयरसम्मको छुटको अनुमति दिन सकिन्छ भन्ने मन्त्रालयको विचार छ।

६. अधिनियमका वर्तमान प्रावधान नियामक छन् अनि ती निषेधात्मक छैनन्। यसैले त्यस्ता क्षेत्र जसलाई तिनका विशिष्टता अनि उच्च परिदृश्य एकीकृत मूल्यका कारण उच्च स्तरको सुरक्षा चाहिन्छ तिनलाई गैर वानिकी उपयोगका निम्ति प्रतिबन्धित गरिने अधिनियममा कुनै प्रावधान छैन। प्राकृतिक संसाधनहरूको संरक्षण, सुरक्षा अनि विकासका लागि बनिएका नीति अनि कार्यक्रमहरूले बद्लिँदो पारिस्थितिक, सामाजिक अनि आर्थिक वातावरणसँग जुझ्न परिवर्तनकारी हेरफेर देखेको छ। यस्ता गतिशील परिवर्तनलाई सम्बोधन गर्दै एउटा विशिष्ट समयावधिका लागि समृद्ध पारिस्थितिक मूल्य प्रदर्शित गर्ने केही प्राचीन वनलाई जिउँदो राख्न यस अधिनियमअन्तर्गत एउटा सक्षम प्रावधान सुरु गर्ने विचार मन्त्रालयले गरिरहेको छ।

७. हाम्रा देशका सीमालाई अक्षुण्ण राख्न तथा देशको सम्प्रभुता कायम राख्न अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा पूर्वाधारहरूको विकास गर्न जरुरी छ। वनभूमिको गैर वानिकी उपयोग गर्न अनुमोदन प्राप्त गर्ने वर्तमान परिदृश्य हेर्दा के देखिन्छ भने यस प्रक्रियाका कारण धेरैपल्ट राष्ट्रिय महत्त्वयुक्त रणनैतिक अनि सुरक्षा परियोजना सम्पन्न गर्न ढिल्याइँ हुन्छ जसले गर्दा महत्त्वपूर्ण स्थानहरूमा यस प्रकारका पूर्वाधार निर्माण गर्ने कार्यमा बाधा पुग्दछ। के यस्ता परियोजनाहरूलाई अधिनियमको प्रावधानअन्तर्गत केन्द्र सरकारबाट पूर्व अनुमोदन प्राप्त गर्ने प्रक्रियामा छुट दिनुपर्छ अनि निश्चित समयावधिमा पुरा गर्नुपर्ने रणनैतिक अनि सुरक्षा परियोजनाहरूको कार्यान्वयनका लागि राज्यलाई वनभूमिको गैर वानिकी उपयोगको अनुमति दिनुपर्छ।

८. कुन कुरो ध्यानमा राख्नुपर्छ भने उत्खनन पट्टाका मामिलामा अधिनियमको उपधारा २(ii) अनि २ (iii)-लाई सँगै लागु गर्दा धेरै सन्दर्भमा भ्रम सिर्जना हुन्छ। उपधारा २(iii) –मा पट्टा आवन्टनको प्रावधान छ भने उपधारा २ (ii)-मा गैर वानिकी उद्देश्यका लागि वनभूमि उपयोगको प्रावधान छ। उपधारा २(iii) अन्तर्गत अनुमतिका प्रावधानअनुसार वनभूमिका लागि केवल एनपिभी (NPV) तिर्नुपर्छ। यसबाहेक यस प्रकारको अनुमतिबारे विचार गर्ने प्रक्रियामा उचित परिश्रमको सम्भावना कम रहन्छ। अर्कातिर उपधारा २(ii) अन्तर्गत अनुमतिका लागि निर्णय समर्थन प्रणाली अनि नियम तथा दिशानिर्देशमा निर्धारित विभिन्न पद्धति अनि केही अदालती आदेशको अनुसरण गर्दै प्रस्तावको अति विस्तृत जाँच गरिन्छ। वनको एनपिभीबाहेक प्रतिपूरक वनीकरण (सिए) धन, सिए भूमि, सुरक्षा क्षेत्र वृक्षारोपण जस्ता प्रतिपूरक शुल्क तिर्नुपर्छ। यसरी एउटा उत्खनन पट्टाधारीले उपधारा २(iii) अन्तर्गत अनुमति

लिन सक्छ अनि केवल एनपिभीको पैसा तिरेर वन क्षेत्रको एउटा ठुलो भाग लिन सक्छ। कुन कुरो पनि स्पष्ट छैन भने उपधारा २(iii) अन्तर्गत दिइने यस प्रकारको अनुमतिलाई 'वन स्वीकृति' मानिनेछ कि मानिने छैन? अनि उपधारा २(iii) अन्तर्गत अनुमति लिइएको तर उपधारा २(ii) मा चाहिँ आवेदन पनि नगरिएको विषम परिस्थितिमा पर्यावरण (संरक्षण) अधिनियम, १९८६ अन्तर्गत दिइने 'पर्यावरण स्वीकृति' माननीय सर्वोच्च न्यायालयद्वारा स्वीकार्य हुन्छ कि हुँदैन? सुरुमा उपधारा २ (iii)-लाई उत्खनन पट्टा (जसको उद्देश्य जमिन भत्काउनु अनि सपाट पार्नु हुन्छ)-का साटो वृक्षारोपणजस्ता प्रयोजनका लागि लिइने पट्टाका लागि लागु गरिन्थ्यो (जसको उद्देश्य जमिन भत्काउनु अनि सपाट पार्नु हुँदैन) तर पछि उपधारा २ (iii)-लाई उत्खनन अनि अन्य प्रकारका पट्टाका लागि पनि लागु गरियो। यसै कारण अधिनियमबाट उपधारा २(iii)-लाई हटाउने प्रस्ताव गरिएको हो अनि के स्पष्ट गरिन्छ भने उपधारा २(ii)-लाई गैर वानिकी उद्देश्यका लागि उपयोग गर्ने हेतुले लिइने कुनै पनि प्रकारका पट्टाका निम्ति प्रयोग गर्न सकिन्छ।

९. एक्सटेन्डेड रिच ड्रिलिङ (इआरडी) जस्ता नयाँ प्रौद्योगिकीहरू आइरहेका छन् जुन वनभूमिको गहिरा तलबाट तेल अनि प्राकृतिक ग्यास खोजेर निकाल्न सक्षम छ। यो त्यस्तो प्रौद्योगिकी हो जसले वनभूमिमा वन बढाउन सहयोग गर्ने माटो अनि जलभृतलाई प्रभावित नगरी ड्रिलिङ प्वाल मात्र बनाउँछ। मन्त्रालयले के मान्छ भने यस्ता तकनिकको उपयोग पर्यावरण अनुकूल छ अनि यसैले यसलाई अधिनियमको परिधिबाट बाहिर राख्नुपर्छ।

१०. राज्यको विशिष्ट निजी वन अधिनियमअन्तर्गत पर्ने निजी जमिनका धनीहरूको पिरमर्कालाई ध्यानमा राख्दै अथवा सर्वोच्च न्यायलयद्वारा दिनाङ्क १२मा जारी अधिस १९९६.१२.ूचनाले वन्य क्षेत्रबारे जनाए बमोजिम वन संरक्षण ऐन लागु गरिएको छ। यस ऐनअनुसार यस्ता जमिनका धनीहरूलाई ती विशिष्ट क्षेत्रमा वन संरक्षण हेतु अनि आवासीय प्रयोजनार्थ २५० वर्ग मिटरभित्र पूर्वाधार निर्माण गर्ने छुट प्रदान गरिएको छ।

११. अधिनियमको खण्ड २ मा निहित उपधाराअनुसार गैर वानिकी उपयोग क्षेत्रको व्याख्या गरिएको छ जसद्वारा गैर वानिकी क्रियाकलाप कुन हो र कुन होइन भन्ने बारे जनाइएको छ। कस्ता क्रियाकलापहरू वन तथा वन्य प्राणी संरक्षण वानिकी उपयोगमा पर्छ र कुन चाहिँ पर्दैन भन्ने विषयमा धारा २ को उपधारा (ii) ले प्रष्ट पारेको छ। यस धाराअनुसार चिडिया घरवानिकी प्रयोगअन्तर्गत राखिने छैन। सफारी निर्माण तथा झोडा बाँध्ने कार्यहरूलाई गैर ,

१२. गैर वानिकी प्रयोगका लागि प्रदान गरिने भूभागको क्षतिपुर्ति तथा कर तिरिनु पर्ने नियम अनिवार्य गरिएको छ जसलाई गैर वानिकी प्रोयोगमा उपयोग गरिएको भूभागले परिनैतिक व्यवस्थालाई पार्ने घातको क्षतिपूर्ति होस् भन्ने

हेतु अनिवार्य रूपले लागु गरेको हो। कुनै पनि तिरोभारोलाई दुई गुना वृद्धि गर्ने अथवा पट्टा नवीकरण गर्ने क्रममा दुई गुना कर भुक्तानी गर्ने कार्यलाई व्यवहारिक ठानिने छैन।

१३. दण्डात्मक कानुन लागु गर्दा गर्दै पनि यस कानुनको उल्लङ्घन गरेका घटनाहरू घटिरहेको हुँदा मन्त्रालयले यसलाई अझ सशक्त र कडा दण्डात्मक कानुन लागु गरेर उल्लङ्घन गर्नेहरूलाई तह लगाउने निधो गरेको छ। यस सन्दर्भमा अधिनियमको खण्ड २-लाई दण्डनीय धाराका रूपमा लागु गर्ने प्रस्ताव पारित गरेको छ जसअन्तर्गत कानुन उल्लङ्घन गर्नेलाई संज्ञेय अपराधको मामिलामा जमानी नपाइने गरी एक वर्षसम्मको कारावास राखिने प्रावधान छ। यसका साथै धारा ३ को लाई पनि (क)दण्डनीय धाराका रूपमा लागु गरिएकाले अनिवार्य रूपले जरिमाना भुक्तान गरिनु पर्ने भएको छ जसलाई अघिबाटै भएको क्षतिपुर्तिका निम्ति प्रयोग गरिने छ। यदि राज्य सरकार तथा केन्द्र प्रशासित क्षेत्रले कानुन उल्लङ्घन गरेको खण्डमा क्षतिपूर्तिको भुक्तान राज्य प्रतिपूरक वनीकरण कोष व्यवस्थापन तथा योजना संस्थानमा होइन राष्ट्रिय प्रतिपूरक वनीकरण कोष व्यवस्थापन तथा योजना संस्थानमा गरिनु पर्नेछ।

१४. वनभूमिमा वास्तविक गैर वानिकी गतिविधिबारे विचार गर्न वा प्रस्तावित गर्न अघि सर्वेक्षण अनि जाँच प्रक्रियाहरू छन्। वन्य क्षेत्रमा कतिपय यस्ता कामहरू पनि हुन्छन् जसको प्रभाव क्षणिक मात्र भएकाले वन तथा विविध जीवजन्तुलाई क्षति नपुऱ्याउने किसिमको हुन्छ। यसलाई केन्द्रीय कानुनमा प्रमाणित गर्न निकै लामो समय लाग्न सक्छ। यसलाई सम्बोधन गर्नका लागि विशेष रूपले त्यस्ता गतिविधि जसमा प्रभाव बोधगम्य हुँदैन अधिनियमका प्रावधान लागु हुन सक्दैन।

<u>परिशिष्ट</u>

# वन (संरक्षण) अधिनियम, १९८०

## (सन् १९८८-मा गरिएको संशोधनसहित)

वनहरूको संरक्षणका लागि अनि तीसँग सम्बन्धित अथवा तिनका सहायक वा आनुषङ्गिक विषयहरूको उपबन्ध गर्नाका लागि अधिनियम।

संसदद्वारा भारत गणराज्यको ३१औँ वर्षमा निम्नलिखित रूपमा यसलाई अधिनियमित गरियोस् –

**१. संक्षिप्त शीर्षक, विस्तार अनि प्रारम्भ** –

(१) यस अधिनियमलाई वन (संरक्षण) अधिनियम, १९८० भन्न सकिन्छ।

(२) यो जम्मू कश्मीर राज्यबाहेक सम्पूर्ण भारतमा विस्तारित हुन्छ।

(३) यसलाई २५ अक्टोबर १९८० देखि लागु गरिएको मानिनेछ।

**२. वनहरूको गैर आरक्षणमाथि प्रतिबन्ध अथवा गैर वन प्रयोजनका लागि वनभूमिको उपयोगमाथि प्रतिबन्ध-**

कुनै पनि राज्यको हाल प्रभावमा रहेका कुनै अन्य कानुनमा केही कुरा समावेश गरिएको भए तापनि कुनै राज्य सरकार अथवा अन्य प्राधिकरणद्वारा केन्द्र सरकारबाट पूर्व अनुमोदन प्राप्त आदेशबाहेक निम्नलिखित विषयसम्बन्धी कुनै आदेश पारित गरिने छैन -

i. कुनै पनि आरक्षित वन (राज्यमा लागु गरिएको कुनै पनि कानुनले 'आरक्षित वन' भनेर अर्थ्याएको) अथवा तिनका कुनै पनि भागलाई आरक्षित गरिने छैन।

ii. कुनै वनभूमि अथवा तिनका कुनै पनि भागको उपयोग कुनै गैर वन प्रयोजनका लागि गर्न सकिन्छ।

iii. कुनै वनभूमि वा तिनका कुनै भागलाई पट्टाका रूपमा अथवा कुनै निजी व्यक्ति तथा कुनै प्राधिकरण, निगम, निकाय अथवा कुनै अन्य सङ्गठनलाई दिन सकिन्छ जुन सरकारको स्वामित्व, प्रबन्धन वा नियन्त्रणमा छैन।

iv. कुनै पनि वनभूमि अथवा तिनका कुनै भागबाट ती रुखहरू हटाउन सकिन्छ जुन त्यस भूमि वा भागमा प्राकृतिक रूपले उब्जेका छन्, तिनको उपयोग पूनर्वनीकरणका लागि गर्न सकिन्छ।

स्पष्टीकरण – यस धाराको प्रयोजनका लागि 'गैर वन प्रयोजन'को अर्थ हो – कुनै वनभूमि तथा तिनका भाग निम्नलिखित रूपमा भत्काउनु अनि सपाट पार्नु –

क. चिया, कफी, मसला, रबर, ताड, तेल हुने रुख, बागवानीजन्य फसल तथा औषधीय रुख बिरुवाहरूको खेती।

ख. पुनर्वनीकरणबाहेक कुनै अन्य उद्देश्यप्रेरित कार्यकलापहरू।

तर यसमा वन अनि वन्यजीवहरूको संरक्षण, विकास अनि प्रबन्धनसँग सम्बन्धित कुनै पनि कार्य समाविष्ट छैन अर्थात् चेकपोस्टको स्थापना, फायर लाइन, वायरलेस सञ्चार, बार, पुल अनि साँघु, बाँध, वाटरहोल, खोल्सा चिह्न, सीमा चिह्न, पाइपलाइन अथवा कुनै समान उद्देश्यप्रेरित कार्यहरू।

## ३. सल्लाहकार समितिको गठन –

केन्द्र सरकारले एउटा समिति गठन गर्न सक्छ जसमा सरकारलाई सल्लाह दिनका लागि व्यक्तिहरू त्यही सङ्ख्यामा समाविष्ट हुनेछन् जति उचित सम्झिइनेछ –

i. धारा २ अन्तर्गत अनुदानको अनुमोदन; तथा,

ii. वनको संरक्षणसँग सम्बन्धित कुनै अन्य मामिला जुन केन्द्र सरकारद्वारा पठाइन सक्नेछ।

## ३. क. अधिनियमका प्रावधानहरूको उल्लङ्घनका लागि दण्ड –

जस कसैले पनि धारा २ का कुनै पनि प्रावधानको उल्लङ्घन गर्छ, उसलाई एउटा अवधिका लागि साधारण कारावासको दण्ड दिन सकिन्छ जसलाई पन्ध्र दिनसम्म बढाउन सकिन्छ।

## ३.ख. अधिकारी तथा सरकारी विभागद्वारा गरिएको अपराध –

१) जहाँ यस अधिनियमअन्तर्गत कुनै अपराध गरिएको छ –

अ. सरकारको कुनै पनि विभाग, विभाग प्रमुखद्वारा; तथा,

आ. कुनै पनि प्राधिकरणद्वारा, प्रत्येक व्यक्ति जो अपराध गरिएको समय उपस्थित थियो, जो त्यस समयको प्रत्यक्ष प्रभारी थियो अनि जो प्राधिकरणद्वारा गरिएको त्यस अपराध अनि प्राधिकरणकै जिम्मावार व्यक्ति थियो;

उनीहरूलाई अपराधको दोषी मानिनेछ अनि अनि उनीहरू विरुद्ध कारवाही गर्न सकिन्छ अनि तदनुसार दण्डित गर्न सकिन्छ -

यस उपधारामा निहित कुनै पनि विभाग प्रमुख वा खण्ड (आ)-मा उल्लेख गरिएका कुनै पनि व्यक्तिलाई कुनै पनि दण्डको भागीदार बनाइने छैन, यदि त्यो अपराध उसको जानकारीबिना नै गरिएको अथवा उसले त्यस अपराधलाई रोक्न हरसम्भव प्रयास गरेको थियो भन्ने प्रमाणित हुन्छ भने।

२. उपधारा (१)-मा निहित कुनै पनि कुरा हुँदाहुँदै पनि जहाँ अधिनियमअन्तर्गत दण्डनीय अपराध सरकारको एउटा विभाग वा उपधारा (१)-को खण्ड (आ)-मा निर्दिष्ट कुनै प्राधिकरणद्वारा गरिएको छ अनि अपराध सहमति अनि मिलिजुली गरिएको प्रमाणित हुन्छ वा विभाग प्रमुखबाहेक कुनै पनि अधिकारीका तर्फबाट कुनै पनि उपेक्षाका कारण गरिएको हो वा कुनै पनि प्राधिकरणका मामिलामा खण्ड (आ) –मा निर्दिष्ट व्यक्तिहरूबाहेक उपधारा (१)–को खण्ड (आ) अनुसार कुनै अन्य व्यक्ति, यस्ता अधिकारी वा व्यक्तिलाई पनि त्यस अपराधको दोषी मानिनेछ अनि उनीहरू विरुद्ध कारवाही गर्न सकिन्छ अनि तदनुसार दण्डित गर्न सकिन्छ।

## ४. नियम बनाउने शक्ति –

१) राजपत्रको अधिसूचनानुसार केन्द्र सरकारले यस अधिनियमका प्रावधान लागु गर्नाका लागि नियम बनाउन सक्छ।

२) यस अधिनियमअन्तर्गत बनाइएका प्रत्येक नियमलाई, यो बनिए पछि जति सक्दो चाँडो दुईवटै संसदमा एउटा सत्र वा दुई वा दुईभन्दा धेर क्रमिक सत्र चलिरहेको बेला कुल ३० दिनका लागि राखिनेछ। यदि सत्रको तुरुन्त पछि वा पूर्वोक्त क्रमिक सत्र सकिन अघि दुवै सदनले नियममा कुनै संशोधन गर्नुपर्छ अथवा यी नियम बनाउनु हुँदैन भन्छ भने ती नियम संशोधित रूपमा मात्र लागु हुनेछ अथवा लागु हुने छैन। यद्यपि यस्तो संशोधन वा विलोपन त्यस नियमअन्तर्गत पहिलेबाटै गरिएको कुनै पनि विषयको वैधतामाथि प्रतिकूल प्रभाव नपारी हुनेछ।

**५. निरसन अनि बचत –**

१) वन (संरक्षण) अध्यादेश, १९८०-लाई यसरी प्रतिस्थापित गरिन्छ।

२) यसरी निरसन हुँदा हुँदै पनि उक्त अध्यादेशका प्रावधानअन्तर्गत गरिएका केही पनि अथवा गरिएका कुनै पनि कार्य यस अधिनियमसँग सम्बन्धित प्रावधानअन्तर्गत गरिएको मानिनेछ।

-----